सिम्रौनगढको पहिलो राष्ट्रिय दैनिक
# शुभम सन्देश
Shubham Sandesh
National DAILY दैनिक
वर्ष : ५ अंक : ९५ २०७९ साल, पुस २१ गते बिहिबार, Thursday 05 Jan, 2023 मूल्य रु. ५/- पृष्ठ : ४

## वीरगञ्जको रानीघाटमा तीन गोदाममा प्रहरीको छापा १३ लाख बढी मूल्यको चामल बरामद



२० पुस, वीरगञ्ज ।
प्रहरीले वीरगञ्ज–११ रानीघाटमा रहेको तीनवटा गोदाममा छापा मारेको छ । बुधबार खाद्यान्न व्यापारीहरु देवशरण साह, कृष्ण साह र नेपाली बाबु भनिने सुनिल साहको गोदाममा प्रहरीले छापा मारेको हो । भन्सार छलीका १३ लाख मूल्य बराबरको चामल बरामद गरेको छ जसमा भन्सार छली गरे ल्याइएका २० र २४ किलो दरका ९ सय १९ बोरा चामल बरामद गरेको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता प्रहरी नायव उपरीक्षक दिपक गिरीले जानकारी दिए । यस्तै देवशरणको गोदामबाट ३ सय ६५, कृष्णको गोदामबाट १ सय ३६ र सुनिलको गोदामबाट ४ सय २७ बोरा चामल बरामद गरिएको उनको भनाइ छ । बरामद गरिएका चामलको मूल्य अन्दाजी मूल्य १३ लाख रुपैयाँ कायम गरेर आवश्यक कारबाहीका लागि वीरगञ्ज भन्सार कार्यालयमा पठाईएको उनले जानकारी दिए । ' भन्सार छलेर चामल ल्याई गोदाम भईरहेको छ भन्ने सूचनाको आधारमा टोली खटायौं, कतरनी, जिरामसिनो र बासमती चामल

*(बाँकी तेश्रो पेजमा)*

## अत्यधिक चिसोका कारण पर्साका अधिकांस पालिकाको विद्यालय बन्द

वीरगञ्ज, २० पुष ।
अत्यधिक चिसोका कारण जनजीवन प्रभावित बनेपछि पर्सा जिल्लाका अधिकांस स्थानीय तहले विद्यालयमा विदा दिएका छन् । पर्साको सदरमुकाम वीरगञ्ज महानगरपालिका, पोखरिया नगरपालिका, बिन्दवासिनी गाउँपालिका, सखुवाप्रसौनी गाउँपालिका, धोविनी गाउँपालिका, पटेर्वासुगौली गाउँपालिकालगायतले १८ देखि २२ पुषसम्म चार दिनका लागि विद्यालय बन्द गरेका छन् । वीरगञ्ज महानगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत एवम् शैक्षिक प्रशासन महाशाखाका प्रमुख अरविन्द लाल कर्णाले मौसममा देखिएको प्रतिकूलतालाई मध्यनजर गरेर शुक्रबारसम्मका लागि विद्यालय बन्द गर्न अनुरोध गरिएको जानकारी दिए ।
अङ्ग्रेजी नयाँ वर्षको भोलि पल्टदेखि एकाएक चिसो बढेकाले पालिकाहरुले चार दिनका लागि विद्यालय बन्द गर्ने निर्णय गरिएको कर्णाले बताए । जिल्लाका अधिकांश पालिकाहरुले सूचना जारी गर्दै चिसोका कारण पठनपाठनमा समस्या भएकाले विद्यालयमा तीन दिनको बिदा दिएका छन् । चिसो बढेसँगै अस्पतालमा बिरामीको संख्या ह्वात्तै बढेको छ । करिब तीन चार दिनदेखिको चिसोले अस्पतालमा बिरामीको संखया बढ्न थालेका हुन् । चिसोले गर्दा मानिसहरु

*(बाँकी तेश्रो पेजमा)*

## अवैध क्रसर उद्योग बन्द गर्न ७७ जिल्लामै गृह मन्त्रालयको परिपत्र



काठमाडौं, २० पुस ।
सरकारले दर्ता नभएका र नवीकरण नगरिएका देशका क्रसर उद्योग बन्द गर्न जिल्ला प्रशासन कार्यालयलाई निर्देशन दिएको छ । गृह मन्त्रालयले प्रचलित कानुनविपरीत ढुंगा, गिट्टी तथा बालुवा उत्खनन तथा दोहनलाई नियमनका लागि त्यस्ता उद्योग बन्द गर्न आज ७७ वटै जिल्ला प्रशासन कार्यालयलाई परिपत्र जारी गरी निर्देशन दिएको गृह मन्त्रालयका प्रवक्ता फणीन्द्रमणि पोखरेलले जानकारी दिए ।
कानुनविपरीत ढुंगा, गिट्टी तथा बालुवा उत्खनन तथा दोहन कार्यलाई नियमन गर्न, वातावरण

*(बाँकी तेश्रो पेजमा)*

## ब्युँताईयो जिल्ला सहकारी संघ बारा




बारा, २० पुस ।
जिल्ला सहकारी संघ लिमिटेड बारा ब्यूँतिएको छ । २०५१ साल अघिबाटै निस्कृय रहेको जिल्ला सहकारी संघलाई साना किसान कृषि सहकारी संघ, बारा बचत तथा ऋण सहकारी जिल्ला संघ र सहकारी संघ लिमिटेडकै संचालकहरुको सक्रियतामा ब्युँताईएको हो ।
बुधबार सदरमुकाम कलैया स्थीत सहकारी संघ लिमिटेड परिषरमा बसेको सदस्य संस्थाका प्रतिनिधिहरुको साधारणसभाले संघ ब्यूँताउँतै ११ सदस्य संचालक समिति चयन गरेको छ । सहकारी संघका पूर्व संचालक उपेन्द्र प्रसाद जयसवालको अध्यक्षतामा समिति गठन भएको हो ।समितिको उपाध्यक्षमा सत्यन्द्र ठाकुर, सचिवमा मिश्रीलाल सहनी, कोषाध्यक्षमा नयनकला खड्कालाई चयन गरेको हो । यस्तै

*(बाँकी तेश्रो पेजमा)*

## जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं ।
- न्यानो कपडा लगाऔं ।
- घर तथा कोठा न्यानो बनाऔं ।
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं ।
- बालबालिकालाई तेल मालिस गरिदिऔं ।
- बढी चिसोमा मर्निङ वाक नगरौं ।
- चिसोमा बाहिर हिंड्दा बाक्लो कपडा लगाऔं ।
- दैनिक घाम ताप्ने गरौं ।

सिम्रौनगढ नगरपालिका
नगरकार्यपालिकाको कार्यालय, सिम्रौनगढ, बारा

## जथाभावी फोहोर नफालौं, सभ्य बनौं

- सडक तथा सार्वजनिक स्थानमा फोहोर नफालौं ।
- घर, अस्पताल, होटल, उद्योग तथा कार्यस्थलबाट निस्किएको फोहोरको उचित व्यवस्थापन गरौं ।
- कुहिने, नकुहिने र पुनः प्रयोग हुने फोहोरलाई छुट्टाछुट्टै राखौं ।
- कुहिने फोहरलाई घरमा नै मल बनाई प्रयोग गरौं ।
- नकुहिने फोहरलाई तोकिएको स्थानमा मात्र विसर्जन गरौं ।
- खाद्य वा अन्य वस्तु प्रयोग वा उपभोग गरिसकेपछि प्लाष्टिक लगायतका बट्टा वा खोल जथाभावी नफालौं ।

आफ्नो शहरलाई सदैव सफा र स्वच्छ राखौं ।

कलैया उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कलैया, बारा

प्रकाशक : रामबाबु प्रसाद मेहता
प्रधान सम्पादक : अजय कुमार
सम्पादक : सरोज कुमार सिंह
समाचार सम्पादक : तिवारी यादव
प्रबन्धक : मुकेश कुमार महतो
कानुनी सल्लाहकार: परमहंस केशरी
अधिवक्ता : राजेन्द्र कुशवाहा
मुद्रक : बारा प्रिन्टीङ्ग प्रेस, कलैया उमनपा-४, बारा
ईमेल : subhamsandeshdaily@gmail.com
सम्पर्क नम्बर : ९८४५२१७३२९, ९८५५०४५५५२, ०५३५५१४९७
प्रधान कार्यालय : सिम्रौनगढ नपा ६, बारा
सम्पर्क कार्यालय : कलैया उमनपा १ (मोतिवाग), बारा

# राहदानी विभागको "सफ्टवेयर इरर" कि सरकारलाई असहयोग गर्ने कर्मचारीको नियत ?

**मदन दुङ्गाना**

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पदभार ग्रहण गरेलगत्तै पासपोर्ट र लाइसेन्स वितरणका लागि हुने भीड हटाउने गरी काम गर्न मातहत मन्त्रालय र सचिवहरूलाई निर्देशन दिए । मन्त्रिपरिषद्को पहिलो निर्णय नै सोही विषयमा केन्द्रित रहेपछि उपप्रधान एवम् गृहमन्त्री रवि लामिछानेले समेत राहदानी विभागमा अनुगमन गरे ।

प्रधानमन्त्रीको निर्देशनपछि पनि राहदानी विभागमा भएको लाइन हट्न सकेन । दैनिकरुपमा पासपोर्ट बनाउन आउने सेवाग्राहीको संख्या बढेपछि लाइन थप चर्को बन्यो । दैनिक १ हजार ८ सयलाई सेवा दिन सक्ने क्षमता भएको राहदानी विभागमा दैनिक ६ हजारको हाराहारीमा सेवा लिन खोज्नेहरू आएपछि विभागमा भीड बढेको विभागकी निर्देशक दुरपदा सापकोटाले बताइन् ।

प्रधानमन्त्रीले मंगलबार मात्रै पनि नेपाल सरकारका सचिवहरूलाई ३० बुँदे निर्देशन दिएर समस्या कहाँ छ ल्याउन र आवश्यक परे नीतिगत सुधारको योजना समेत बनाउन निर्देशन दिए । सोही क्रममा प्रधानमन्त्री दाहालले राहदानी विभागमा सेवाग्राहीको लामो लाइन लागेको र सेवाग्राहीले दुख पाइरहेको कुरा दोहोऱ्याए । विभागीय सचिवलाई निर्देशन दिँदै तत्कालै लाइन लाग्न नपर्ने व्यवस्था गर्न निर्देशन दिए ।

तर प्रधानमन्त्री प्रचण्डले सचिवहरूलाई निर्देशन दिएकै दिन साँझ राहदानी विभागकी निर्देशक सापकोटा हस्ताक्षरमा एक सार्वजनिक सूचना जारी भयो । सिस्टममा समस्या आएको कारण राहदानी छपाई तथा वितरणमा समस्या आएको कारण समयमै पासपोर्ट उपलब्ध गराउन नसकिने ब्यहोराको सूचना जारी भएपछि सेवाग्राहीमा अन्योल र आक्रोश निम्तियो । सरकारले थप निर्देशन दिएकै दिन 'सिस्टम डाउन' गराएको आरोप लाग्यो ।

सञ्चार माध्यमहरूमा 'अनिश्चितकाका लागि राहदानी सेवा अवरुद्ध' लगायतका शीर्षकमा समाचार सम्प्रेषण भएपछि धेरैले सरकारले अनावश्यक दबाब दिएको कारण कर्मचारीहरूले सिस्टम डाउन गरिदिएको आशङ्का गरे । राहदानी विभागमा सेवाग्राहीको भीड हुनुको कारण र जिम्मेवार कर्मचारी नै हुन् भन्ने आरोप लगाउने प्रकृतिको प्रचारबाजी भएको र सरकारले पनि अनावश्यक दबाब दिएको कारण सिस्टम डाउन गरिदिएको आशय आउने गरी समाचारहरू प्रकाशन भएपछि विभागले मंगलबार नै अर्को सूचना जारी गर्दै राहदानी विभागले अनिश्चितकाका लागि राहदानीको सेवा बन्द गरेको नभई सिस्टममा आएको समस्याका कारण छपाई गर्न नसकिएको भन्दै स्पष्ट पार्ने कोसिस गऱ्यो ।

राहदानी विभागले जारी गरेको सूचनामा अन्य सबै काम नियमितरुपमा भइरहेको तर भ्यालिडेसन गर्ने समयमा इरर आएको भन्दै अन्य कुनै पनि काम नरोकिएको स्पष्ट पारेको छ । सेवाग्राहीले फारम भरेपछि भ्यालिडेसन चेक गरी अप्रुभ गर्नुपर्ने भएपनि त्यहाँ अप्रुभ गर्न नसक्दा पासपोर्ट छपाई र वितरण गर्न नसकिएको विभागको भनाइ छ ।

**भएको के थियो ?**

प्रवक्ता सापकोटाका अनुसार पुस १७ गतेदेखि राहदानी विभागको पासपोर्ट छपाई र तथ्यांक विवरण रहने



सफ्टवेयरमा समस्या आएको थियो । अन्य काम सजिलै भएपनि विवरण चेक गरी अप्रुभ गर्ने भ्यालिडेसनको सिस्टममा समस्या देखिएको थियो । भ्यालिडेट गरेपछि मात्रै पासपोर्ट छपाइको काम सुरु हुने भएपनि मंगलबार भ्यालिडेसनको काम नै हुन नसकेको रिजेक्ट हुने वा घुमिरहने मात्रै भएपछि सूचना निकालेर समयमै पासपोर्ट दिन नसकिने भनिएको प्रवक्ता सापकोटाले बताइन् ।

इ-पासपोर्ट प्राप्त गर्नका लागि पहिले सेवाग्राहीले आफै अपोइन्टमेण्ट लिनुपर्ने हुन्छ । आफ्नो विवरण भरी अपोइन्टमेण्टको मिति प्राप्त गरेपछि सो मितिमा गएर जिल्ला प्रशासन कार्यालय, इलाका प्रशासन कार्यालय वा राहदानी विभागमा गएर, राहदानी दस्तुर बुझाउने, बायोमेट्रिक दिने लगायतको काम गर्नुपर्ने हुन्छ । त्यहाँ सबै विवरण दिइसकेपछि सम्बन्धित कार्यालयले विवरण चेक गरी भ्यालिडेट गर्ने र छपाइका लागि पठाउने गर्छन् ।

कहिलेकाहीँ इलाका प्रशासन कार्यालय वा जिल्ला प्रशासन कार्यालयले भ्यालिडेट गरेर पठाएपछि पनि राहदानी विभागले विवरण नमिलेको भन्दै रिजेक्ट गर्नसमेत सक्छ । सामान्यतः पहिले नै राहदानी लिइसकेका र हाल नवीकरणका लागि आवेदन दिएका आवेदकहरुको पहिलेको विवरणसँग नयाँ विवरण नमिलेको अवस्थामा विभागकै सिस्टमले रिजेक्ट गर्ने गर्छ । सबै कुरा ठीक भएमा विभागले पुनः भ्यालिडेट गरी अप्रुभ गरेपछि पासपोर्ट छपाइका लागि जान्छ ।

तर विभागले अप्रुभ गर्ने सफ्टवेयरमा विगत ३ दिनदेखि समस्या आएको विभागकी प्रवक्ता सापकोटाको भनाइ छ । सापकोटा भन्छिन्, 'राहदानी वितरणसम्बन्धी सफ्टवेयरको एउटा महत्वपूर्ण भाग भनेको भ्यालिडेसन पनि हो । अन्य स्थानमा कुनै समस्या नभएपनि छपाइका लागि अप्रुभल दिने भ्यालिडेसन खण्डमा समस्या आएको छ । पुस १७ गतेदेखि समस्या आएको थियो र मंगलबार (पुस १९ गते) अलि बढी नै समस्या आयो । भ्यालिडेसनमा बारम्बार इरर देखिएपछि हामीले पासपोर्ट छपाइका लागि अप्रुभ गर्न सकेनौँ । पुस १४ गतेदेखि फारम भरेर बायोमेट्रिक गरिसकेका सेवाग्राहीलाई पनि हामीले पासपोर्ट दिन पाएका छैनौँ । आजबाट कहिलेकाहीँ चलेको छ, तर एकदमै सुस्त चलेको छ ।'

सापकोटाका अनुसार बुधवार कहिलेकाहीँ भ्यालिडेसनको सिस्टम खुलेपनि कहिले खुल्ने र कहिले बन्द हुने भइरहेको छ । सापकोटाले रातोपाटीसँग भनिन्, 'मंगलबार रातको समयमा केही समय चलेको थियो । बुधवार बिहान ८ बजेतिर पनि सुस्त चलेको थियो । तर बुधवार दिउँसो कहिले चल्ने र कहिले नचल्ने गरिरहेको छ । सुस्त चलेको समयमा पनि भ्यालिडेट गर्न लामो समय लाग्ने गरेको छ । जसका कारण हामीले समयमै सेवा दिन सक्ने अवस्था छैन । सिस्टममा देखिएको समस्या समाधान भएपछि पहिलेकै जस्तो गरी सेवा सुचारु गर्नेछौँ ।'

**समस्या पत्ता लाग्न सकेन**

पुस १७ गतेदेखि नै पासपोर्ट फारम भर्नेदेखि छपाइ गर्नेसम्मको सिस्टममा समस्या आएको भएपनि ४ दिन बित्दासमेत समस्या समाधान हुन सकेको छैन । भ्यालिडेसनको समस्या इ-पासपोर्टको सफ्टवेयरमा हो कि नेपाल सरकारको डाटा सेन्टरमा रहेको विवरणमा हो भन्ने कुरा अझै पत्ता लागेको छैन ।

अहिले इ-पासपोर्ट बनाउन राष्ट्रिय परिचयपत्र अनिवार्य गरिएको छ । त्यसैगरी पुरानो पासपोर्ट भए त्यसको सिस्टम वा अन्य तथ्यांकसँग पनि मिलाउनुपर्ने भएको कारण समस्या कहाँ रहेको हो अझै पत्ता लाग्न नसकेको हो । प्रवक्ता सापकोटाका अनुसार अहिले नेपालमा इ-पासपोर्ट छपाइको जिम्मेवारी पाएको फ्रान्सेली कम्पनी आइडिइमिया र नेपालको गभरमेण्ट इन्टिग्रेटेड डाटा सेन्टर (जिआइडीसी) का इञ्जिनियरहरुले समस्या समाधानका लागि काम गरिरहेका छन् । यद्यपि समस्या कहाँ भन्ने कुराको पत्ता लाग्न नसकेको र उक्त समस्या समाधानको काम भइरहेको विभागले जनाएको छ ।

प्रवक्ता सापकोटाका अनुसार फ्रान्सेली कम्पनी र नेपालका इञ्जिनियरहरुले समस्या समाधानका लागि काम गरिरहेका छन् । अब बिहीबारदेखि नै नियमितरुपमा काम गर्ने गरी तयारी भइरहेको सापकोटाले बताइन् । यद्यपि समस्या समाधान हुन नसकेको अवस्थामा भने पहिलेको जस्तै गरी सेवा दिन सम्भव नभएको सापकोटाले बताइन् । सापकोटाले भनिन्, 'हामी त छिटै सेवा सुचारु गर्न चाहन्छौँ । तर सिस्टममा देखिएको इरर समाधान नभएसम्म पूर्ववत अवस्थामा सेवा दिन सक्ने अवस्था छैन ।'

सरकारले लाइन हटाउन दबाब दिएकै कारण कर्मचारीले सिस्टम डाउन गरिदिएको आरोप छ नि भन्ने रातोपाटीको प्रश्नमा त्यसमा कुनै सत्यता नभएको बताइन् । उनले भनिन्, 'बाहिर कसले के के भन्छन् भनेर खोजीनीति गर्ने कुरा पनि भएन । न सरकारले

(बाँकी तेश्रो पेजमा)

# बालकोटको बार्दली

**मोहन दाहाल**

यतिबेला सर्वाधिक चासो र उत्सुकताको विषय हो– दाहाल नेतृत्वको सरकारको स्थायित्व, स्थिरता र प्रभावकारिताको प्रश्न ।

संयोग वा नियति जे मान्दा नि हुन्छ– आम निर्वाचन २०७९ को लक्ष्य थियो एउटा, परिणाम आयो अर्कै । त्यही पनि अनपेक्षित । निर्वाचन गराउने तात्कालीन सत्तापक्षको अपेक्षा र रणनीति गठबन्धनलाई बहुमत दिलाएर एमालेलाई राष्ट्रिय राजनीतिक भूमिकाबाट ओझेलमा पठाउने थियो । त्यसै पनि एमाले अध्यक्ष केपी शर्मा ओलीलाई बालुवाटार पटांगिनीबाट बालकोटको बार्दलीमा थचारेको मजाक उडाइँदै आइएको थियो परमादेशको उडानमा । परमादेशबाट प्राप्त हौसला, उन्माद र विश्वासको जगमा तिनै ओलीलाई निर्वाचनमार्फत 'लिलिपुट म्यान'मा रूपान्तरित गरिदिने अठोट र संकल्प केवल दिवास्वप्न मात्र थिएन, संयोगले सत्तो सिंहासनको चिट्ठा हात लगाउनेहरूका लागि हविकत नै थियो ।

तर नियति (नेपाली जनता)लाई यो मञ्जुर भएन । परमादेश उन्मादमा व्यंग्य र उपहासको पर्याय तुल्याइएको 'बालकोटे बार्दली'ले नै उपहारस्वरूप अन्ततः यो देशलाई एक थान प्रधानमन्त्री दिनुपऱ्यो । यद्यपि यो उपहार राष्ट्र, जनता र विद्यमान राजनीतिक प्रणालीको निम्ति कति कामयाव हुन्छ वा कसैको रहर पुऱ्याएको मात्र ठहर्छ ? अहिल्यै अनुमान लगाउन गाह्रो छ र हतारो पनि हुन्छ । बालकोटे बार्दलीले बालुवाटार दरबारका लागि कोरलेका पात्रको स्थिरासन अभाव र बहुरूपी चेहरा कारण अनुमान लगाउन गाह्रो हुने नै भयो ।

कांग्रेस नेतृत्वको सत्ता गठबन्धनलाई कम्तीमा पाँच वर्ष नत्र भने १५ वर्ष टिकाउने उद्घोषका साथ सम्पन्न आम निर्वाचनले धेरै धेरै अनपेक्षित र अनौठो परिणाम ल्याइदियो । पहिलो, गठबन्धन पाँच वर्षको सट्टा पाँच हप्ता पनि टिकेन । नटिक्नुको कारण कांग्रेस सभापति शेरबहादुर देउवा र माओवादी केन्द्रका आजीवन अध्यक्ष पुष्पकमल दाहाल दुवैको चरम सत्तामोह तथा दुवैले अवलम्बन गर्दै आएको 'घिउ बेचुवा र तरबार बेचुवा' नीति तथा प्रवृत्ति हो । दोस्रो, परमादेशको जगमा निर्मित कांग्रेस नेतृत्वको सत्ता गठबन्धन संविधान र लोकतन्त्र रक्षाको नाममा ओलीविरोधी मोर्चा थियो तर नियति (नेपाली जनता)लाई गठबन्धन र उसको नारा हजम भएन । सत्ताको राप र तापमा पाँचदलीय सत्ता गठबन्धनले एक डल्लो बनेर चुनाव लडेको भए पनि नेपाली जनताले पत्याएनन्, बहुमत दिएनन् । अर्थात् ओलीमाथिको आरोपलाई नेपाली मतदाताले पत्याएनन्, मतमार्फत खारेज गरिदिए ।

तेस्रो, कांग्रेसलगायत ठूला दलको भूमिकासँग नेपाली जनता सन्तुष्ट छैनन् । विकल्पको खोजीमा रहेको स्पष्ट सन्देश निर्वाचनमार्फत आयो । नेपाली जनता निरन्तरतासहितको परिवर्तनका पक्षधर रहेको तथ्यलाई माओवादी केन्द्र र मधेस केन्द्रित दलहरूको घटोत्तरी तथा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को तिलस्मी प्रादुर्भावले पुष्टि गर्छ । राष्ट्रिय प्रजातन्त्र पार्टी ( राप्रपा) र रास्वपाको बढोत्तरीले केही महत्त्वपूर्ण राजनीतिक र संवैधानिक प्रश्न उब्जाएको छ । यस प्रश्नको उत्तर कांग्रेस र एमालेबाहेक अरूसँग छैन । र, अरूले यस प्रश्नको उत्तर दिने हैसियत र क्षमता पनि राख्दैनन् । समय र परिस्थितिले यस प्रश्नको उत्तरका लागि कांग्रेस र एमालेको संयुक्त भूमिकामा आधारित सहकार्य खोजेको छ । यो भूमिकामा उनीहरू अहिल्यै आउन आवश्यक थियो, आउन सकेनन् । ढिलोचाँडो आउनै पर्छ ।

चौथो, नेपाली राजनीतिमा क्रियाशील दलमध्ये टुटफुट र पार्टी बाहिरका षड्यन्त्रका बाबजुद पनि तुलनात्मक रूपमा नेकपा (एमाले) लोकप्रिय रहेको तथ्य मत परिणामले देखायो । त्यस्तै, एमाले अध्यक्ष केपी शर्मा ओली अरू दलका शीर्ष नेताका तुलनामा सफल रणनीतिज्ञ र राजनीतिज्ञ प्रमाणित भएका छन् । कोही सहमत वा असहमत हुने कुरा आ˘ नै ठाउँमा होला, ओली राष्ट्रिय दायित्वको गह्रौं भारीसहित राष्ट्रको एकमात्र जिम्मेवार अभिभावकको रूपमा उभिन पुगेका छन् । फलतः नैराश्यता र उदासीनताले मुर्झाएका नेपाली जनतामा नजानिँदो ढंगले नयाँ आशा पलाउन थालेको छ ।

पाँचौं, निर्वाचनको परिणामबाट माओवादी केन्द्रका अध्यक्ष तथा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड कांग्रेस र एमालेको भूमिका परिवर्तनको माध्यम (कारक) बनेका छन् । उनकै भूमिकाको कारण प्रतिनिधिसभामा सबैभन्दा ठूलो दल हुँदाहुँदै कांग्रेसले उसको पोल्टाको समेत गुमाउन पुगेको छ । नेतृत्वको रणनीतिक चातुर्य एवं कौशलताका कारण अनपेक्षित रूपमा आ˘ नो भकारी भर्न एमाले सफल देखियो । परमादेशद्वारा कांग्रेस र देउवामा बहाल खुसी प्रचण्डमार्फत खोसिँदा एमालेको खोसिएको खुसीलाई निर्वाचनले फिर्ता दिएको छ । निर्वाचन परिणामपछिका घटना तथा परिघटनाले नेपाली कांग्रेस स्वयंको मेहनत परिश्रम वा बलबुताले भन्दा बढी परिबन्ध र संयोगले खाने दलजस्तो देखिन पुगेको छ ।

छैटौं, माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड सत्ता र शक्ति हत्याउन अत्यन्त कुशल खेलाडी ठहरिएका छन् । २ सय ७५ सदस्यीय प्रतिनिधिसभामा केवल ३२ सांसदको प्रतिनिधित्व भएको पार्टीका अध्यक्ष प्रधानमन्त्री बनाइन सफल हुनु चानचुने कुरा होइन । त्यसो त २०६३ सालमा शान्ति प्रक्रियामा आएपछिका १६ वर्षमा माओवादीबाट अध्यक्ष दाहाल तीन पटक र

(बाँकी तेश्रो पेजमा)

# निर्मला हत्याबारे अनुसन्धान गर्न डीआईजी सिंह कञ्चनपुरमा

काठमाण्डौ, २० पुस ।

निर्मला पन्तको बलात्कारपछि हत्या भएको घटना छानविन र अनुसन्धान गर्न गठन गरिएको समितिले काम थालेको छ । पुस १५ मा गृहमन्त्रीको निर्देशनमा प्रहरी प्रधान कार्यालयले केन्द्रीय अनुसन्धान ब्यूरोकी डीआईजी दुर्गा सिंहको नेतृत्वमा अनुसन्धान समिति गठन गरेको थियो । समितिकी संयोजक सिंहले कञ्चनपुर पुगेर काम थालेकी छिन् । समितिमा सिआईबीमा कार्यरत एसपी कमल थापा, मनोचिकित्सक डा. राजेश दत्त र इन्स्पेक्टर हिरेन्द्र रोकाया सदस्य छन् । उपप्रधान एवं गृहमन्त्री रवि लामिछानेले पदभार ग्रहण गरेपछि निर्मला पन्तको हत्याबारे न्यायिक छानविन गर्ने पहिलो निर्णय गरेका थिए ।

समिति गठन हुँदा बिदामा रहेकी सिंह बिदा छोट्याएर कञ्चनपुर पुगेकी हुन् । २०७५ साउन १० मा कञ्चनपुरको भिमदत्त नगरपालिका उल्टाखाम घर भएकी निर्मलाको हत्या भएको थियो । १३ वर्षीया पन्तको बलात्कार र हत्या आरोपमा पक्राउ गरिएका विष्ट डीएनए नमिलेपछि रिहा भएका थिए । निर्मलाको हत्या भएको २५ दिनपछि प्रहरीले दिलिपसिंह विष्टलाई समातेर सार्वजनिक गरेको थियो । २०७५ भदौ २६ मा जिल्ला अदाललते संलग्नता पुष्टि गर्ने आधार नभएको र डीएनए म्याच नभएको भन्दै विष्टलाई साधारण तारेखमा रिहा गर्न आदेश गरेको थियो । अनुसन्धान समितिको संयोजक तोकिएकी सिंहले त्यतिवेला पनि सो घटनाको अनुसन्धान गरेकी थिइन् ।

निर्मला हत्या अनुसन्धान गर्न प्रहरी प्रधान कार्यालयले शुरुमा केन्द्रिय अनुसन्धान ब्यूरोका डीएसपी अंगुर जिसी नेतृत्वको टिमलाई कञ्चनपुर पठाएको थियो । ४ भदौ ०७५ मा अंगुर जिसी नेतृत्वको अनुसन्धान टोलीले दिलिप सिंह विष्टलाई पक्रेको थियो । दिलिपलाई यातना दिएको अभियोगमा अंगुर जिसी सहितका प्रहरी अधिकृतलाई प्रहरीकै अर्को समितिको सिफारिसमा कारवाही भएको थियो । तत्कालिन प्रहरी अतिरिक्त महानिरिक्षक (एआईजी) धिरु बस्न्यात नेतृत्वको समितिको लामो छानविन गरेर ३ पुस ०७५ मा रिपोर्ट बुझाएको थियो । सो समितिको रिपोर्टको आधारमा सुरुवाती अनुसन्धानमा संलग्न डीएसपी अंगुर जिसी सहितका प्रहरीले गल्ती गरेको निष्कर्ष निकाल्दै थप कारावाही गर्न सुझायो ।

त्यसपछि अरु दुईवटा समिति बने । गृह मन्त्रालयले डिएनए विज्ञ जिवन

(बाँकी तेश्रो पेजमा)

सिम्रौनगढको पहिलो राष्ट्रिय दैनिक
Shubham Sandesh National
शुभम सन्देश DAILY दैनिक
Thursday 05 Jan. 2023

## बालकोटको ...............

तात्कालीन उपाध्यक्ष डा. बाबुराम भट्टराई एक पटक गरी सो पार्टीले चार पटक प्रधानमन्त्री लिइसकेको छ । यो १६ वर्षमा बनेका १३ वटा सरकारमध्ये १० वटामा माओवादी सम्मिलित छ । बुझ्न नसकिएको गुत्थी केवल यत्तिमात्र हो कि माओवादी कुनै न कुनै रूप वा भूमिकामा निरन्तरजसो सत्तामा रहिआएको छ । तर पनि पार्टीलाई सत्ताको पोस भने लागिरहेको छैन, प्रतिदिन खिइँदै र होचिँदै जाँदो छ ।

सातौं, कांग्रेस र एमालेबीच कार्यक्रमिक एकता वा सहकार्य भएको अवस्थामा बाहेक त्रिशंकु संसद्को कारण रास्वपा, राप्रपा, राजपा, जनमत र नागरिक उन्मुक्ति पार्टी राष्ट्रिय राजनीतिमा उनीहरूको हैसियतअनुसारको भूमिका रहन्छ नै । सरकारमा रहन तिनका सर्त र सरकारमा रहँदा निर्वाह गर्ने भूमिकाले उनीहरूको 'भोलि' निर्धारण गर्नेछ । राप्रपाबाहेक सत्तासीन नयाँ दलहरू समयको अग्नि परीक्षामा छन्, यसमा उनीहरू खरो उत्रिएमा भरपर्दा वैकल्पिक शक्तिहरूको प्रादुर्भाव हुनेछ । जनताको मन जितेर राष्ट्रिय राजनीतिमा दीर्घकालिक रूपमा स्थापित हुन उनीहरूका लागि यो अति राम्रो अवसर हो ।

आजको मूलभूत प्रश्न, सरकारको स्थायित्व र स्थिरता तथा प्रभावकारिता नै हो । यसो हुँदा सरकार गठनमा विशेष भूमिका रहेका एमाले अध्यक्ष केपी ओलीको संकल्प र इच्छाशक्तियुक्त विशेष भूमिका र योगदान सर्वथा अपेक्षित छ ।

सिंहदरबारले प्रधानमन्त्री पाइसकेको छ । अर्थ, गृह र भौतिक योजनाजस्ता प्रत्येक महत्त्वपूर्ण मन्त्रालयले उपप्रधानमन्त्रीको नेतृत्व पाइसकेका छन् । प्रधानमन्त्रीले संसद्बाट विश्वासको मत हासिल गर्नासाथ मन्त्रिपरिषद् गठनले पूर्णता पाउनेछ । सरकार गठनमा सकसको हल बालकोटको बार्दलीबाट भयो जसलाई प्रतिनिधिसभाले अनुमोदन गर्नेछ । संविधानसम्मत विधि र प्रक्रिया कुनै प्रतीक्षाको विषय होइनन् । यस घडीको सर्वाधिक चासो र उत्सुकताको विषय हो– दाहाल नेतृत्वको वर्तमान सरकारको स्थायित्व, स्थिरता, सफलता र प्रभावकारिताको प्रश्न । यो प्रश्न ज्वलन्त बन्नु पछाडिका कारणमा त्रिशंकु संसद्, स्वयं प्रधानमन्त्रीको अस्थिर स्वभाव र प्रवृत्ति, सांसद र दलहरूमार्फत बाह्य शक्ति(हरू) को खेलाइ तथा सूक्ष्म व्यवस्थापनमा समेत उनीहरूको चाख एवं अनौपचारिक हस्तक्षेप आदि छन् । यी कारणहरूलाई पृष्ठभूमिमा धकेल्दै अघि बढ्ने प्रधानमन्त्री आजको खाँचो हो । यसै आलोकमा प्रधानमन्त्री दाहाललाई हेर्नुपर्ने हुन्छ । यी कुराका अलावा नेपाली राजनीतिमा त्रिशंकु संसद् र गठबन्धन सरकारको छाप सकारात्मक छैन । दाहाल र ओली दुवै जना यी विषयमा अनभिज्ञ छैनन् ।

वर्तमान सरकारका जन्मदाता एमाले अध्यक्ष ओली हुन् । यस मानेमा गठबन्धनको नेतृत्व गर्ने प्रमुख पार्टीको अध्यक्ष र सरकार गठनमा कारक तत्त्व भएका नाताले दाहाल सरकारको सफलता/असफलताको श्रेय वा दोष सीधै ओलीसँग जोडिन आउँछ । सत्ता गठबन्धनभित्रका अन्य पनि कतिपय महत्त्वपूर्ण नीति र कार्यक्रम तथा सहमति–समभ्दारीबारे श्वेतपत्र नै जारी होला । सरकार पनि चल्ला । तर आजको मूलभूत प्रश्न, सरकारको स्थायित्व र स्थिरता तथा प्रभावकारिता नै हो । यसो हुँदा सरकार गठनमा विशेष भूमिका रहेका एमाले अध्यक्ष केपी ओलीको संकल्प र इच्छाशक्तियुक्त विशेष भूमिका र योगदान सर्वथा अपेक्षित छ । यद्यपि प्रधानमन्त्रीय प्रणालीमा संविधानतः राज्य सञ्चालनको सम्पूर्ण दायित्व प्रधानमन्त्रीको हो । दुईतिहाइ नजिकको बहुमतीय प्रधानमन्त्रीको भूमिका निर्वाह गर्न खोज्दा केसम्म भएको थियो भन्ने निकट अतीतको इतिहासका भोक्ता स्वयं ओली नै हुन् ।

नेपालको अर्थतन्त्र समस्यामा छ । समस्या बढ्ने अवस्थामा छ । आन्तरिक आयले मासिक तलबभत्ता व्यहोर्नेसमेत अपुग भइसकेको छ । यो सामान्य कुरा होइन । कार्यपालिका, न्यायपालिका र विधानपालिकाबीचको शक्ति सन्तुलनको अवस्था बिग्रेको छ । राज्य प्रणालीका यी तीनवटै अंग एकअर्का विरुद्धका मोर्चाबन्दीमा छन् । यो मोर्चाबन्दी सिंहदरबार हुँदै प्रदेश तहलाई छिचोल्दै पालिकाहरूका वडासम्म पुगिसकेको छ । भ्रष्टाचार, कामचोर प्रवृत्ति, दण्डहीनता र अराजकता मौलाएको छ ।

संघीयता कार्यान्वयनको क्रममा शक्ति र अधिकारको विकेन्द्रीकरण हुँदा सिंहदरबार केन्द्रित भ्रष्टाचारको पनि विकेन्द्रीकरण भएर प्रदेशहरू हुँदै पालिकाका वडातहसम्म पुगेको अवस्था छ । नीतिगत रूपमा राजनीतिक नेतृत्वले यी विकृति र विसंगतिमा मलजल पुर्‍याउँदै रहेको आजको यथार्थ हो । देशमा धनी र गरिबबीचको खाडल फराकिँदै र गहिरिँदै गएको छ । यही कारण राष्ट्रले अवलम्बन गरेको आर्थिक प्रणालीको मूल्यांकन एवं समीक्षाका आधारमा सुधार आवश्यक भइसकेको छ ।

यसैगरी संवैधानिक निकाय र अंगहरूले संविधानले निर्दिष्ट गरेका दायित्व तथा भूमिका स्वतन्त्र ढंगले निर्वाह गर्न पाइरहेका छैनन् । उनीहरूमध्ये कतिपय चरम दलीयकरणको चंगुलमा परेका छन् भने कार्यकारीको हस्तक्षेपमा परेर कैयौं अधकल्चा जस्तै बनेका छन् । प्रधानमन्त्री कार्यालय मातहतमा राखिएको कारण अख्तियार दुरुपयोग अनुसन्धान आयोग र राजस्व अनुसन्धान विभागले संविधानले निर्दिष्ट गरेका दायित्व र भूमिका खेल्न सकिरहेका छैनन् । यस्तै, सम्पत्ति शुद्धीकरण, राष्ट्रिय अनुसन्धान विभाग, राष्ट्रिय योजना आयोग, लगानी बोर्ड, सार्वजनिक खरिद अनुगमन कार्यालय, नेपाल ट्रस्टको कार्यालय, गरिबी निवारण कोषजस्ता अंग र निकाय पनि सोही अवस्थामा छन् ।

दिनदहाडै स्वतन्त्र न्यायपालिकाको चीरहरणको घटना ताजातै छ । वर्तमान सरकारका निर्माता एमाले अध्यक्ष ओलीले गठबन्धनको नेतृत्व गर्ने दलको ठूलो दलको नाताले उल्लिखित राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक विकृति एवं विसंगतिविरुद्ध जुध्ने साहस र हिम्मत गर्नुपर्छ । संघीय तथा प्रदेश सरकारहरू चलाउने र टिकाउने नाममा राष्ट्र र जनताले धान्न र थाम्न नसक्ने गरी कसैसँग कुनै सम्झौता वा सहमति अब वर्जित छ । नेता ओली आफ्नो पछिल्लो सत्ता बहिर्गमन यताका अवधिका जात्रा मात्रा र घटनाका साक्षी र भोक्ता दुवै हुन् । प्रदेश सरकार सञ्चालनमा हिजो अवलम्बित विकृति र विसंगतिको पुनरावृत्तिलाई पूर्ण निषेध गर्ने हिम्मत र आँट हुनुपर्छ ।

यसो गर्दा वर्तमान सत्ता गठबन्धन टुट्छ नै भने पनि यसका निम्ति संसद्भित्रको शक्ति सन्तुलनको मध्यनजर विकल्पसमेत तयार गरेर सामनाको निम्ति तत्पर हुनुपर्छ । लत्रिने वा सम्झौता गर्ने छुट छैन । गठबन्धनका दल र सरकारलाई यही लक्ष्य र उद्देश्य प्राप्तिको लागि विशेष नीति र कार्यक्रमका आधारमा परिचालित तथा निर्देशित गर्नुपर्छ । ता कि राष्ट्र र जनतालाई विकृति र विसंगतिको चक्रव्यूहबाट बाहिर निकाल्ने कार्यको शुभारम्भ गर्न सकियोस् । अनिमात्र बालकोट बार्दलीको सत्तायात्राले औचित्य र सार्थकता पुष्टि गर्छ । (साभार–अन्नपूर्णपोष्ट)

## मन्त्रिपरिषदको निर्णय अख्तियारले किन हेर्न नमिल्ने ?



काठमाण्डौ, २० पुस ।

सर्वोच्च अदालतले 'मन्त्रिपरिषदको नीतिगत निर्णय'माथि अनुसन्धान गर्न नमिल्ने कानूनी व्यवस्था किन खारेज नगर्ने भनी प्रश्न गरेको छ । अधिवक्ता राजुप्रसाद चापागाईलगायतले दर्ता गरेको रिट निवेदनमाथि प्रारम्भिक सुनुवाइ गर्दै सर्वोच्च अदालतको संवैधानिक इजलासले संविधानसँग बाझिएको भनी अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा ४(ख) किन खारेज नगर्ने भनी प्रश्न गरेको हो ।

सर्वोच्चले प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालय, कानून मन्त्रालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महान्यायाधिवक्ता कार्यालय र राष्ट्रिय मानव अधिकार आयोगलाई यसबारेमा जवाफ दिन भनेको छ । कामु प्रधानन्यायाधीश हरिकृष्ण कार्की सहित न्यायाधीशहरु ईश्वरप्रसाद खतिवडा, डा. आनन्दमोहन भट्टराई, प्रकाश राउत र सपना प्रधान मल्लको संवैधानिक इजलासले कारण देखाउ आदेश जारी गरेको हो । अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐनको दफा ४(ख)मा 'मन्त्रिपरिषद् वा त्यसको कुनै समितिले सामूहिक रुपमा गरेको कुनै नीतिगत निर्णय र अदालतको न्यायिक काम कारवाहीका सम्बन्धमा आयोगले यस ऐन अन्तर्गत अनुसन्धान र तहकिकात तथा तत्सम्बन्धी कुनै कारबाही गर्ने छैन' भन्ने व्यवस्था छ । यही कानूनी व्यवस्थाको आडमा तल्लो तहबाट हुने निर्णय समेत मन्त्रिपरिषदमा पुग्ने र नीतिगतको आवरणमा उन्मुक्ती मिलेको भन्दै सर्वोच्च अदालतमा रिट निवेदन परेको हो ।

रिट निवेदनमा संसदीय तथा न्यायिक कारबाहीका सन्दर्भमा आयोगको क्षेत्राधिकार आकर्षित नहुने गरी गरिएको कानून व्यवस्था स्वाभाविक भए पनि मन्त्रिपरिषद् वा कुनै समितिले गरेको निर्णय छानबिन नहुने व्यवस्था स्वेच्छाचारी भएको भन्दै रिट निवेदनमा त्यो कानूनी व्यवस्था खारेज हुनुपर्ने माग छ । 'कार्यकारीको उच्च तहमा बसेर शक्तिको दुरुपयोग गर्नेलाई नीतिगत घुम्टो ओढाएर उन्मुक्ति दिने प्रबन्धको किमार्थ पनि संवधानिक औचित्य स्थापित हुन सक्दैन' रिट निवेदनमा भनिएको थियो, 'संविधानको पालनाका लागि नीतिगत वा गैरनीतिगत जुनसुकै प्रकृतिको भ्रष्टाचारजन्य कार्यलाई जवाफदेहिताको दायरामा ल्याइनु अपरिहार्य हुने निवेदन गर्दछौं ।' सर्वोच्च अदालतले नेपाल वायुसेवा निगमको धमिजा काण्डसँग जोडिएको एक मुद्दाको व्याख्यामा मन्त्रिपरिषदको नीतिगत निर्णयमाथि अख्तियार दुरुपयोग अनुसन्धान आयोग प्रवेश गर्न नसक्ने नजीर प्रतिपादित गरेको थियो । तत्कालीन प्रधानन्यायाधीश सुरेन्द्रप्रसाद सिंह सहितको ५ सदस्यीय इजलासले मन्त्रिपरिषदको निर्णय अख्तियारको क्षेत्राधिकार बाहिर हुनुलाई असंवैधानिक भन्न नमिल्ने व्याख्या गरेको थियो । त्यतिबेला तत्कालीन न्यायाधीश लक्ष्मणप्रसाद अर्यालले नीतिगत निर्णय समेत हेर्नसक्ने भनी फरक मत राखेका थिए । (साभार–अनलाइनखबर)

## वीरगञ्जको ...............

९ सय १९ बोरा चामल बरामद भएको छ ।' उनले भने 'गोदाम सञ्चालकहरुले चामलको बिल विजकहरु देखाउन सकेनन, त्यसैले बरामद गरेर भन्सार पठाएका छौं ।' वीरगञ्जको मुख्य सडकमै साइकलमा दुई, तीन बोरा चामल, आलु बोकेर ल्याउने गरेको दृश्य देख्न सकिन्छ । खुला सीमाको दुरुपयोग गर्दै व्यापारीहरुले साइकल, मोटरसाइकलमा थोरै–थोरै परिमाणमा सिमावर्ती भारतीय बजार रक्सौलबाट खाद्यान्न लगायतका सामग्री दिनहुँ भित्र्याउने गरेका छन् । (साभार–अनलाइनखबर)

## अत्यधिक....................

बिरामी पर्न थालेका छन् । अत्यधिक चिसोले विशेष गरी कोल्ड डायरिया, दम, खोकीले सर्वसाधारणलाई सताएको चिकित्सकहरु बताउँछन् । सोमवार बिहानदेखि बाक्लो हुस्सु र ठन्डी हावाले एकाएक अत्यधिक चिसो बढेको छ । चिसोले खास गरेर विद्यालयका बालबालिका, ज्येष्ठ नागरिक, विपन्न गरिब मजदुर वर्ग बढी प्रभावित भइरहेको छ । बाक्लो हुस्सुकै कारणले पर्साबाट बिहानै चल्ने सार्वजनिक सवारीसाधनसमेत प्रभावित भएका छन् ।

चिसोबाट जोगिन अति आवश्यकबाहेक सर्वसाधारण घर बाहिर ननिस्कँदा सिराहाबाट चल्ने लामो तथा छोटो दूरीका सवारीसाधनमा यात्रुहरुको संख्या अत्यन्त न्यून देखिन थालेका छन् । तराई मधेसका जिल्लाहरूमा पुष र माघमा शीतलहरले बढी प्रभाव पार्ने गरेको छ । पर्साका गाउँघरहरूमा शीतलहर सुरु भएसँगै आगो ताप्ने क्रम बढेको छ । गाउँघरमा अहिले गुइँठा, दाउरा र परालका आगो बालेर चिसो छल्ने गरेको स्थानीय बताउँछन् । चिसोले गर्दा बालबालिकासँगै वृद्ध वृद्धा, र दैनिक ज्याला मजदुरी गर्नेहरू मार्कामा परेका छन् । (सौजन्य–यात्राडेली)

## ब्युँताईयो जिल्ला .............

विजय कुमार सोनार,मुकुन्द बहादुर क्षेत्री, संजिला खातुन, अस्तुरन देवी चौधरी, विन्दा सिंह, रामाधार ठाकुर र सिकेन्द्र पास्वानलाई सर्वसहमतीले समितिको सदस्यमा चयन गरेको छ ।

२०१३ सालमा स्थापना भएको सहकारी संघ लि. बारा २०४८को सहकारी ऐन बनेसँगै नाजुक बन्दैगएर २०५१ पछि निस्क्रीय पाए थियो ।लामो समय देखीको अथक प्रयासपछी समिति गठन भई ब्यँतिएको संचालक मुकुन्द बहादुर क्षेत्रीले बताउनु भयो ।संघको कलैया बिरगंज सडकखण्डमा पौने ३ कठ्ठा जमिन र सो जमिनमा गोदाम सहित कार्यालय भवन रहेको छ । लामो समयदेखी प्रयोग विहिन गोदाम र कार्यालय भवन जिर्ण बनेका छन् ।

## राहदानी विभागका........

हामीलाई दबाब दिएको छ, न हामीले सिस्टम डाउन गरेका हौं । सफ्टवेयरमा समस्या आएको कारण अरु काम भएपनि भ्यालिडेटको काम हुन नसकेपछि छपाइमा जान नसकिएको हो । अरु सबै काम भइरहेकै छ । सेवाग्राहीले पनि कहिलेकाहीं सिस्टममा समस्या आउँछ भनेर बुझिदिनुपर्‍यो ।' सेवाग्राही भन्छन्, 'यसरी त कसरी हुन्छ ?' पासपोर्ट वितरणमा समस्या देखिएपछि कतिपय सेवाग्राहीलाई भने मर्का परेको छ । तत्कालै भिसाका लागि आवेदन दिनुपर्ने, बाहिर गइ हाल्नुपर्ने सेवाग्राही यतिबेला मर्कामा परेका छन् । एक सेवाग्राही लमजुङका भवानी पौडेलले भनिन्, 'सिस्टममा समस्या आयो भनेर सबै काम ठप्प पारेका छन् । कर्मचारीले नै सिस्टम डाउन गरेका हुन् कि के हो थाहा छैन । मलाई त कर्मचारीले नै डाउन गरिदिएका हुन् कि जस्तो लाग्छ । शुक्रवारका दिन भिसाका लागि आवेदन दिनुपर्ने थियो । तर पासपोर्ट कहिले आउँछ ठेगान भएन । यसरी त कसरी हुन्छ ।' (साभार–रातोपाटी)

## अवैध क्रसर ...............

संरक्षण ऐन, २०७६ को पालना र यस सम्बन्धमा अदालतबाट भएको आदेश कार्यान्वयन गर्न आवश्यक देखिएकाले उक्त परिपत्र जारी गरिएको गृह मन्त्रालयले जनाएको छ । गृह मन्त्रालयद्वारा आज जारी गरिएको परिपत्रमा विभिन्न आयोजना, विकास तथा निर्माणका क्रममा सोही आयोजनाका लागि आवश्यक परिमाणमा ढुंगा, गिट्टी, रोडा तथा बालुवा उत्खननको अनुमति प्राप्त उद्योगी/निर्माण व्यवसायीले आयोजना समाप्त भएपश्चात् पनि त्यस्तो उत्खनन कार्य गरिरहेको भए सोसमेत छानबिन गरी तत्काल बन्द गर्न भनिएको छ । गृहप्रवक्ता पोखरेलले अब स्थानीय प्रशासनमार्फत् अनुगमन हुने र त्यहाँ अनुमति नलिएका, दर्ता नभएका, नवीकरण नभएका तथा आयोजना समाप्त भएपछि पनि उत्खनन कार्य गरिरहेका उद्योग फेला परेमा बन्द गरिने जानकारी दिए । (साभार–अन्नपूर्णपोष्ट)

## निर्मला हत्याबारे...............

रिजाल नेतृत्वमा एउटा समिति बनायो । प्रहरी प्रधान कार्यालयले तत्कालिन डीआईजी सुरज केसीको नेतृत्वमा छुट्टै पुनरावलोकन समिति गठन गर्यो । जीवन रिजाल नेतृत्वको समितिले निर्मलाको भेजिनल स्वावमा सिमेन्ट नै नभएको निष्कर्ष निकाल्दै डीएनए परीक्षण विधिबाट हत्यारा पत्ता नलाग्ने प्रतिवेदन बुझायो ।

तत्कालीन प्रहरी नायव महानिरीक्षक (डीआईजी) सुरज केसी नेतृत्वको पुनरावलोकन समितीले धिरु बस्नेत समितिको प्रतिवेदन गलत भएको निष्कर्ष निकालेको थियो । सर्वेन्द्र खनाल प्रहरी महानिरिक्षक हुँदा धिरु बस्न्यात नेतृत्वको समितिले दिएको प्रतिवेदन कार्यान्वयन नगर्ने निर्णय गरेर प्रहरीले दिलिपसिंह बिष्टलाई पक्राउ गर्न खोज्यो । त्यतिवेला नै दिलिपसिंह बिष्टको बिरुद्ध पीडित परिवारले किटानी जाहेरी दिए । किटानी जाहेरी बाहेक दिलपीले 'कसुर स्वीकार गरेको' भिडियो प्रहरीले थप प्रमाणको रुपमा यसअघि नै तयार पारेको थियो । तर, सरकारी वकिलले त्यतिमात्रै प्रमाणको आधारमा मुद्धा दर्ता गर्न नमिल्ने अडान राख्दै आएको छ । निर्मला हत्या अनुसन्धान गर्न केन्द्रिय अनुसन्धान ब्यूरोले एउटा टिम त्यहाँ खटाइरहेको छ । केन्द्रीय अनुसन्धान ब्यूरोमा कार्यरत रहँदा वर्तमान एसएसपी गणेश चन्दले पनि कञ्चनपुरमा बसेर लामो अनुसन्धान गरेका थिए । (साभार–रातोपाटी)

* सार्वजनिक सम्पत्ति अतिक्रमण नगरौं ।
* कर तिर्नु सबै नागरिकको कर्तव्य हो भने सेवा प्राप्त गर्नु अधिकार हो ।
* बेटी पढाऔं बेटी बचाऔं ।
* हाम्रो गाउँपालिका हामी सबै मिलेर सबल, सक्षम र सशक्त बनाऔं ।
* सधैं चर्पीको प्रयोग गरौं र खुल्ला रुपमा सौच नगरौं ।
* आफ्ना गाउँघर सफा र स्वच्छ राखौं ।
* सेवा सुविधा प्राप्तिका लागि समयमै सम्पूर्ण तिर्नु पर्ने कर अनिवार्य चुक्ता गरौं ।

फेटा गाउँपालिका
फेटा (बारा)

सिम्रौनगढको पहिलो राष्ट्रिय दैनिक
शुभम सन्देश
Shubham Sandesh National DAILY दैनिक
जि.प्र.का.दर्ता ७८/२०७५/७६

# सीमाबाट हुने अवैध व्यापार नियन्त्रण गर्न गृहमन्त्रीलाई चेम्बरको आग्रह

काठमाडौं, २० पुस ।

भारतसँगको खुला सीमाको फाइदा उठाएर हुने अवैध व्यापारलाई नियन्त्रण गर्न नेपाल चेम्बर अफ कमर्सले उपप्रधानमन्त्री एवं गृहमन्त्री रवि लामिछानेको ध्यानकर्षण गराएको छ । गृहमन्त्री लामिछानेलाई बुधबार बधाई एवं शुभकामना दिने क्रममा चेम्बर पदाधिकारीको टोलीले सीमामा हुने अनधिकृत व्यापार नियन्त्रणका लागि आग्रह गरेको हो । गृहमन्त्री लामिछानेसँगको भेटमा चेम्बरका अध्यक्ष रोजेन्द्र मल्लले भारतसँगको सीमालाई व्यवस्थित गरेर अवैध कारोबारलाई नियन्त्रण गर्नुपर्ने बताए । मल्लले भने, 'नेपाल–भारत खुला सीमाको फाइदा उठाएर अवैध कारोबारहरु भइरहेका छन् । सीमामा हुने अवैध व्यापारका कारण सरकारले अबौं रुपैयाँ राजश्व समेत गुमाइ रहेको छ ।' 'खुला सीमा भएकाले अनियन्त्रित रुपमा अनधिकृत व्यापार फस्टाइ रहेको छ । यसबाट राजस्व प्रभावित हुन पुगेको र स्वच्छ व्यवसायीहरुले प्रतिस्पर्धा गर्न समेत नसकिरहेको परिस्थिति रहेकोले यसमा प्रभावकारी अनुगमन गरी करको



दायरामा ल्याउनु पर्ने छ' सुझावमा भनिएको छ । नेपाल–भारत खुला सीमाको फाइदा उठाएर झण्डै ४० प्रतिशत अवैध कारोबार भइरहेको भन्दै अध्यक्ष मल्लले मुलुकको व्यापारिक सन्तुलनका लागि आयात निर्यातलाई पनि व्यवस्थित गराउनु पर्नेमा जोड दिए । पर्यटन क्षेत्रका लागि रात्रिकालीन व्यवसायको महत्वपूर्ण भूमिका रहेको भन्दै चेम्बरले काठमाडौंको ठमेल, चितवनको सौराहा र पोखरामा रात्रिकालीन व्यवसायहरु निर्वाध ढंगले सञ्चालन गर्न पाउने वातावरण मिलाउन चेम्बरले आग्रह गरेको छ ।। चेम्बर पदाधिकारीको भेटपछि गृहमन्त्री लामिछानेले सीमामा भइरहेको अनधिकृत व्यापार रोक्न सुरक्षा निकायलाई सचेत गराएको बताए । नेताले संरक्षण गर्ने नभई नीतिले संरक्षण गर्ने व्यवस्थाका लागि आफू प्रयासरत रहेको गृहमन्त्री लामिछानेको भनाइ रहेको चेम्बरले जनाएको छ । चेम्बरले सीमा व्यापारलाई व्यवस्थापन गर्नुपर्ने लगायत विभिन्न १० बुँदे सुझाव गृहमन्त्रीलाई दिएको छ । (साभार–अनलाइनखबर)

# नेपाल टी–२० लिगका बारेमा छानबिन गर्न राखेपले बनायो कार्यदल

काठमाण्डौ, २० पुस ।

राष्ट्रिय खेलकुद परिषद राखेपले नेपाल टी–२० लिग क्रिकेटका बारेमा छानबिन गर्न कार्यदल गठन गरेको छ । राखेपका कार्यकारी समितिका सदस्य एकेन्द्रबहादुर कुँवरको संयोजकत्वमा बनेको ५ सदस्यीय छानबिन कार्यदलमा सदस्य प्रकाशकुमार कुसारी, खेल पत्रकार निरञ्जन राजवंशी, खेलकुद विकास विभागका प्रशासकीय अधिकृत सरोजकुमार पोखेल र सचिवमा प्रशासन विभागका




प्रशासकीय अधिकृत भोजानन्द राई छन् ।

विदेशी खेलाडीहरुको श्रम स्वीकृती एवं प्रतियोगिता सञ्चालनको सम्बन्धमा परिषद्ले नेपाल क्रिकेट संघ क्यानसँग आवश्यक प्रमाण कागजात मागेर गरेको पत्राचारको वेवास्ता गरेको साथै पछिल्लो समय प्रतियोगिता सञ्चालनका क्रममा संघबाट भएका कमजोरी एवं विसंगतीको बारेमा सार्वजनिक भएको बिषयमा सत्यतथ्य पत्ता लगाउने जिम्मेवारी दिइएको छ । त्रिवि क्रिकेट मैदान कीर्तिपुरमा चलिरहेको प्रतियोगितामा सट्टेबाजी भएको र फिक्सिङका लागि खेलाडीलाई प्रस्ताव गरिएको समाचार सार्वजनिक भएका छन् । (सभार–अनलाइनखबर)

# चिसो बढेपछि रौतहटका विद्यालय बन्द

रौतहट, २० पुस

चिसो बढेपछि रौतहटका विद्यालयको पठनपाठन प्रभावित हुन थालेको छ । चिसो धेरै भएपछि केही विद्यालय बन्द गरिएको छ । चिसोले बालबालिकाको स्वास्थ्यमा समस्या देखिन थालेपछि गौर, कटहरिया, गरुडा, फतुवा विजयपुर, राजपुर, इशनाथ, गढीमाई नगरपालिका तथा दुर्गा भगवती र यमुनामाई गाउँपालिकाका सबै विद्यालयमा बिदा दिइएको छ । गौर नगरपालिकाले बुधवारदेखि शुक्रवार नगरभित्र रहेका सम्पूर्ण सामुदायिक विद्यालय बन्द गर्ने निर्णय गरेको छ । कठ्याग्रिदो चिसोबाट बालबालिकाहरुलाई सुरक्षित राख्ने उद्देश्यले मंगलबार नगरपालिकाको प्रमुख स्तरीय बैठकबाट शुक्रबार अर्थात पुस २० देखि २२ गते सम्म विद्यालय बन्द गर्ने निर्णय भएको हो । गौर नगरपालिकाको शिक्षा संयोजक



नागेन्द्रप्रसाद मण्डलले हस्ताक्षर गरेको बिदाको सूचनामा बर्खे बिदामा कट्टा हुने गरी जाडोको बिदा दिन विद्यालयलाई पत्राचार गरिएको छ । रौतहटको फतुवा बिजयपुर नगरपालिकाले ४ दिन बिद्यालय बन्द गरेको छ । पुस २२ सम्म विद्यालय बन्द गर्न पत्राचार गरिएको छ । फतुवा बिजयपुर नगर क्षेत्रका सामुदायिक तथा संस्थागत विद्यालयमा बिदा दिन नगरपालिकाले पत्रचार गरेको हो । गढीमाई नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत नागेन्द्र यादवका अनुसार बाक्लो हुस्सु र शितलहरबाट विद्यालय आउने विद्यार्थीको संख्यामा कमी आएपछि नगरका सामुदायिक विद्यालयमा बिदा दिइएको हो । रौतहटका १८ स्थानीय तह मध्ये ११ स्थानीय तहले तीन दिन विद्यालयमा बिदा दिएका छन् । जिल्ला शिक्षा समन्वय इकाइ रौतहटका प्रमुख रामविनय सिंहले जाडो बढेपछि सामुदायिक विद्यालय बन्द गरिएको बताए । (साभार–अन्नपूर्णपोष्ट)

# यौनजन्य अपराधमा आरोपितको नाम गोप्य राख्न माग गर्दै दायर रिटमा कारण देखाउ आदेश जारी

काठमाडौँ, २० पुस ।

यौनजन्य अपराध र मानव बेचबिखनमा आरोपितको नाम गोप्य राख्न माग गर्दै दायर रिटमा सर्वोच्च अदालतले सरकारको नाममा कारण देखाउ आदेश जारी गरेको छ । बुधबारको संवैधानिक इजलासले विपक्षी गृह मन्त्रालय लगायतको नाममा कारण देखाउ आदेश जारी गरेको हो । मानव बेचबिखन, जबर्जस्ती करणी, करणी उद्योग लगायतका गम्भीर प्रकृतिका मुद्दामा आरोपितको नाम सार्वजनिक गर्दा पछि अभियोग पुष्टी नभई अदालतबाट सफाई पाएमा पनि समाजमा स्थापित हुन समस्या पर्ने गरेको भन्दै अरोपितको नाम गोप्य राख्न सर्वोच्च अदालतमा रिट दर्ता भएको थियो । अधिवक्ताहरु किशोर पौडेल, अनुपम भट्टराई लगायतले गत असोज ४ गते सर्वोच्च अदालतको संवैधानिक इजलासमा आरोपितको नाम गोप्य राख्नेसम्बन्धी रिट दायर गरेका थिए । बुधबार कामु प्रधानन्यायाधीश हरिकृष्ण कार्की, न्यायाधीशहरु ईश्वरप्रसाद खतिवडा, डा.आनन्दमोहन भट्टराई, प्रकाशमानसिंह राउत र सपना प्रधान मल्लको संवैधानिक इजलासले प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय र गृह मन्त्रालयको नाममा कारण देखाउ आदेश जारी गरेको छ । मानव बेचविखन, जबरजस्ती करणी र जबर्जस्ती करणी उद्योगमा संलग्न भनी आरोपित गरिएकाहरुको नाम गोप्य नराख्नुको कारण पेश गर्न इजलासले सरकारको नाममा आदेश जारी गरेको छ । यद्यपि इजलासले उक्त मुद्दामा अन्तरिम आदेश दिन भने अस्वीकार गरेको छ । रिट निवेदकहरुले तत्काल लागू हुने गरी यस्ता मुद्दामा आरोपितहरुको नाम गोप्य राख्न अन्तरिम आदेशको माग दावी गरेका थिए । गत भदौ २४ गते रातोपाटीले यौनजन्य अपराधमा आरोपितको नाम किन गोप्य राखिँदैन ? शीर्षकमा समाचार प्रकाशन गरेको थियो । सो समाचार लगत्तै कानुन व्यवसायीहरुले उक्त विषयको सम्बोधन हुनुपर्ने भन्दै सर्वोच्च अदालतमा रिट दायर गरेका थिए । (साभार–रातोपाटी)

## कोल्हबी नगरपालिकाको कार्यालय, बाराद्वारा जनहितमा जारी

### जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔँ ।
- न्यानो कपडा लगाऔँ ।
- घर तथा कोठा न्यानो बनाऔँ ।
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौँ ।
- बालबालिकालाई तेल मालिस गरिदिऔँ ।
- बढी चिसोमा मर्निङ वाक नगरौँ ।
- चिसोमा बाहिर हिँड्दा बाक्लो कपडा लगाऔँ ।
- दैनिक घाम ताप्ने गरौँ ।

## सुवर्ण गाउँपालिकाको कार्यालय, बाराद्वारा जनहितमा जारी

### जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔँ ।
- न्यानो कपडा लगाऔँ ।
- घर तथा कोठा न्यानो बनाऔँ ।
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौँ ।
- बालबालिकालाई तेल मालिस गरिदिऔँ ।
- बढी चिसोमा मर्निङ वाक नगरौँ ।
- चिसोमा बाहिर हिँड्दा बाक्लो कपडा लगाऔँ ।
- दैनिक घाम ताप्ने गरौँ ।

## विश्रामपुर गाउँपालिकाको कार्यालय, बाराद्वारा जनहितमा जारी

### जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔँ ।
- न्यानो कपडा लगाऔँ ।
- घर तथा कोठा न्यानो बनाऔँ ।
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौँ ।
- बालबालिकालाई तेल मालिस गरिदिऔँ ।
- बढी चिसोमा मर्निङ वाक नगरौँ ।
- चिसोमा बाहिर हिँड्दा बाक्लो कपडा लगाऔँ ।
- दैनिक घाम ताप्ने गरौँ ।

## फेटा गाउँपालिकाको कार्यालय, बाराद्वारा जनहितमा जारी

### जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔँ ।
- न्यानो कपडा लगाऔँ ।
- घर तथा कोठा न्यानो बनाऔँ ।
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौँ ।
- बालबालिकालाई तेल मालिस गरिदिऔँ ।
- बढी चिसोमा मर्निङ वाक नगरौँ ।
- चिसोमा बाहिर हिँड्दा बाक्लो कपडा लगाऔँ ।
- दैनिक घाम ताप्ने गरौँ ।

## व्यक्तिगत घटना दर्ता समय मै गरौं

जन्म, मृत्यु, बसाई सराई, विवाह र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरु, घटना घटेको ३५ दिनभित्र आ–आफ्नो वडा कार्यालयमा गई नि:शुल्क दर्ता गराई कानूनी मान्यता प्राप्त गरौं ।

जीतपुरसिमरा उपमहानगरपालिका
जीतपुर, बारा

## व्यक्तिगत घटना दर्ता समय मै गरौं

जन्म, मृत्यु, बसाई सराई, विवाह र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरु, घटना घटेको ३५ दिनभित्र आ–आफ्नो वडा कार्यालयमा गई नि:शुल्क दर्ता गराई कानूनी मान्यता प्राप्त गरौं ।

आदर्शकोतवाल गाउँपालिका
महेन्द्र आदर्श जयनगर चिउटाहा, बारा

## व्यक्तिगत घटना दर्ता समय मै गरौं

जन्म, मृत्यु, बसाई सराई, विवाह र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरु, घटना घटेको ३५ दिनभित्र आ–आफ्नो वडा कार्यालयमा गई नि:शुल्क दर्ता गराई कानूनी मान्यता प्राप्त गरौं ।

कोल्हबी नगरपालिकाको कार्यालय
कोल्हबी, बारा